नेपाली / ***NEPALI***

WISCONSIN
UNIVERSITY OF WISCONSIN–MADISON

**कर्मचारीहरूको लागि बढाईएको स्वास्थ्य र सुरक्षा प्रोटोकलहरू**
सेप्टेम्बर ९, २०२०

*COVID-19* का केसहरू बढेको कारणले, कुलपति *Blank* ले स्वास्थ्य र सुरक्षा प्रोटोकलहरूमा १४-दिनको जोड दिने कुरा घोषणा गर्नुभएको थियो। जबकि धेरै अस्थायी प्रतिबन्धहरू *undergraduate* विद्यार्थीहरूको व्यवहारलाई रोक्ने उद्देश्यको लागि थियो, हाम्रो क्याम्पसमा समुदायको स्वास्थ्य र सुरक्षा जोगाउनका लागि कुनै प्रतिबन्धहरू *UW–Madison* का कर्मचारीहरूलाई पनि लागू हुन्छन्।

बढाईएका प्रोटोकलहरूमा यी कुराहरू समावेश छन्:

- क्याम्पसमा अनुहार ढाक्ने चीज लगाउँदा फुटपाथ र अन्य बाहिरी ठाउँहरूमा पनि लगाउनु पर्दछ। *Badger Pledge* क्याम्पसमा र क्याम्पस बाहिर विद्यार्थी व्यवहारको लागि लागू हुन्छ। हाम्रो समुदायमा केसहरूको बढ्दो सङ्ख्याको कारणले गर्दा हामी कर्मचारीहरूलाई प्रतिज्ञाको भावना अनुरूप चल्न र क्याम्पसमा हुँदा आफ्नो अनुहार ढाक्ने चीज लगाउन आग्रह गरिरहेका छौं। यो सहायता नभएका सबै विद्यार्थी र कर्मचारीहरूमा लागू हुन्छ।

- कर्मचारी वा विद्यार्थीले भित्र एक्लै काम गर्दा वा क्याम्पसको गाडीमा आफ्नो अनुहार ढाक्ने चीज खोल्न अनुमति छ।

- क्याम्पसमा र क्याम्पस बाहिर, कतै भित्र र बाहिर र अनुहार ढाक्ने चीज लगाउँदा पनि ६ फिट वा सो भन्दा बढीको भौतिक दूरी कायम राख्नुहोस्।

- कार्य भेलाहरूको अनुमति भएतापनि, तिनमा सामाजिक दूरी र व्यक्तिहरूको सङ्ख्या सीमित गर्ने जस्ता जनस्वास्थ्य मार्गदर्शनको पालना गर्नुपर्दछ। जब सम्भव हुन्छ, कामका बैठकहरू फोन वा भिडियो मार्फत अन्लाईनबाट सञ्चालन गर्न जारी राख्नुपर्दछ। कर्मचारीलाई ठूला सामाजिक जमघटहरूमा भाग नलिन कडा आग्रह गरिन्छ।

- *Contact tracing* बारेको फोन कलहरूलाई समयमा र साँचो तरिकाले जवाफ दिनुहोस्।

- स्वास्थ्य जाँच साधनमा लक्षणहरूको निगरानी गर्नुहोस्, https://healthscreen.wisc.edu/

- सबै अनावश्यक यात्रालाई सार्नुहोस्।